बैठक संख्याः ३८

मितिः २०८१।०६।०७

आज मिति २०८१।०६।०७ गते गुरौंस गाउँपालिकाको ३८औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमा छलफल गरि निर्णयहरु गरियो।

तपसिलः

| | |
|---|---|
| १. श्री टोप बहादुर बि.सी | - अध्यक्ष |
| २. श्री शिवा कुमारी खड्का | - उपाध्यक्ष |
| ३. श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा नं. १ |
| ४. श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा नं. २ |
| ५. श्री काँशिराम शर्मा | - वडा अध्यक्ष वडा नं. ३ |
| ६. श्री खड्क वहादुर शाही | - वडा अध्यक्ष वडा नं. ४ |
| ७. श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा नं. ५ |
| ८. श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा नं. ६ |
| ९. श्री नन्द बहादुर बि.सी | - वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री दीपेन्द्र वली | - वडा अध्यक्ष वडा नं. ८ |
| ११. श्री अमृता कुमारी बि.सी | - सदस्य |
| १२. श्री विर्मा वि.क | - सदस्य |
| १३. श्री कुलविर वि.क | - सदस्य |
| १४. श्री सम्झना कुमारी बुढा | - सदस्य |
| १५. श्री पम्फी वि.क | - सदस्य |
| १६. श्री भुमिसरा वली | - सदस्य |
| १७. श्री दिल बहादुर पौडेल | - सचिव, प्रमुख प्रशासकीय अधिकृत |

सहयोगी कर्मचारी

| | |
|---|---|
| १. श्री दिनेश दाहाल | - आर्थिक प्रशासन शाखा |
| २. श्री यज्ञ बहादुर कार्की | - भौतिक पुर्वाधार शाखा |
| ३. श्री मदन प्रकाश मल्ल | - प्रशासन तथा योजना शाखा |

## अघिल्लो बैठकको समिक्षा तालिका

| प्रस्ताव नं. | बैठकका प्रस्तावहरु: | कार्यान्वयन भएको | नीतिगत निर्णय | प्रकृयामा रहेको | कार्यान्वयन नभएको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अघिल्लो बैठकको समिक्षा सम्बन्धमा। | | v | | | |
| २ | श्रावण महिनाको कार्यसम्पादन समिक्षा सम्बन्धमा। | | | v | | |
| ३ | आ.व. २०८०/८१ को भुक्तानी बाँकी सूची स्वीकृत गर्ने सम्बन्धमा। | v | | | | |
| ४ | आ.व. २०८१/८२ को खरिद योजना सदर गर्ने सम्बन्धमा। | | v | | | |
| ५ | शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा। | v | | | | |
| ६ | संविधान दिवस , शिक्षा दिवस र बाल दिवस मनाउने सम्बन्धमा। | | v | | | |
| ७ | "नमस्ते गुराँस कार्यक्रम" सम्बन्धमा। | v | | | | |
| ८ | जिन्सी प्रतिवेदन सम्बन्धमा। | v | | | | |
| ९ | योजना कार्यान्वयन सम्बन्धमा। | v | | | | |
| १० | राजश्व सुधार योजना सम्बन्धमा। | | v | | | |
| ११ | निःशुल्क विधुत जडान सम्बन्धमा। | | v | | | |
| १२ | कार्यालय परिसरमा रहेका सामाग्री व्यवस्थापन सम्बन्धमा। | | v | | | |
| १३ | मर्मत संभार समिति गठन सम्बन्धमा। | | | | v | |
| १४ | कार्यालय परिसरमा संरचना निर्माण सम्बन्धमा। | | v | | | |
| १५ | जग्गा प्राप्ति सम्बन्धमा। | | | v | | |
| १६ | विभिन्न सफ्टवेयर सम्बन्धमा। | | | v | | |
| १७ | विविध | | | v | | |
| क. | सामाजिक सञ्जालका अभिव्यक्ति सम्बन्धमा। | | v | | | |
| ख. | कर्मचारी कार्वाही सम्बन्धमा। | | | v | | |
| ग. | तिज विशेष कार्यक्रको भुक्तानी सम्बन्धमा। | | | v | | |
| घ. | मेडिकल अधिकृतको विज्ञापन सम्बन्धमा। | | | | v | |
| ङ. | लिजा, एल.इ.डी तथा एफ.आर.ए को कार्यसम्पादन टिम गठन सम्बन्धमा। | | v | | | |
| च. | कर्मचारी वरियता, जिम्मेवारी तथा विस्तृत कार्यविभाजन सम्बन्धमा। | | | | v | |
| छ. | नेपाल टेलिकमको इन्टरकम तथा सियुजी सिम लागु गर्ने सम्बन्धमा। | | | v | | |
| | निर्णय कार्यान्वयनको अवस्थाः | २२% | ३९% | ३०% | १३% | |

दिल बहादुर घोडेल
प्रमुख प्रशासकीय अधिकृत

बैठकका प्रस्तावहरुः

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२. आश्विन महिनाको कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा।

३. आ.व. २०८१/८२.को गुराँस दररेट स्वीकृत गर्ने सम्बन्धमा।

४. घरघरमा धारा हाम्रो अविभाराः योजना छनौट सम्बन्धमा।

५. सार्वजनिक सुनुवाई सम्बन्धमा।

६. LISP कार्यान्वयन सम्झौता सम्बन्धमा।

७. गुराँस भ्यूटावरको प्रभावकारी व्यवस्थापन सम्बन्धमा।

८. चाडपर्व लक्षित शान्ति सुरक्षा तथा सडक सुरक्षा व्यवस्थापन सम्बन्धमा।

९. राउटे समुदाय लक्षित व्यवस्थापन सम्बन्धमा।

१०. किशानको रहर, पहुँचमा शहरः कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

११. सम्पन्नता सर्वेक्षण सम्बन्धमा।

१२. सडक सरसफाई तथा मर्मत सम्बन्धमा।

१३. एस.इ.इ परिक्षाको समिक्षा सम्बनधमा।

१४. भुमि आयोगको काम सुचारु गर्ने सम्बन्धमा।

१५. वातावरणीय परिक्षणको कार्यसूची स्वीकृत गर्ने सम्बन्धमा।

१६. विविध

क) स्वागत तथा धन्यवाद सम्बन्धमा।

ख) कर्मचारी व्यवस्थापन तथा विज्ञापन सम्बन्धमा।

ग) करार शिक्षक सम्झौता निवकरण सम्बन्धमा।

घ) म्याद थप गर्ने सम्बन्धमा।

ङ) पदस्थापन सम्बन्धमा।

च) खुल्ला भलिवल प्रतियोगिता सम्बन्धमा।

छ) प्रहरी चौकीलाई सहयोग सम्बन्धमा।

ज) सडक मर्मत संभार सम्बन्धमा।

झ) पातिकान्ला कृषि क्याम्पस जग्गा प्राप्ति खर्च सम्बन्धमा।

ञ) "हामी बनाउँछौ हाम्रो सडक" को भुक्तानी सम्बन्धमा।

बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बहादुर वि.सी.
अध्यक्ष

कार्यपालिकाको ३८औं बैठकबाट स्वीकृत आश्विन २०८१ को कार्ययोजना (स्वीकृत मिति: २०८१/०६/०७)

| क.स | कार्यहरु | कार्यान्वयन अवधि | नतिजा | जिम्मेवार शाखा/व्यक्ति | कैफियत |
|---|---|---|---|---|---|
| १ | विगत कार्यपालिकाका कार्यान्वयन हुने बाँकी निर्णयहरु | आश्विन मसान्त भित्र | विगत कार्यपालिकाका कार्यान्वयन हुने बाँकी निर्णयहरु कार्यान्वयन भएको हुने। | कार्यालय प्रमुख | |
| २ | कर्मचारी विज्ञापन | ६/११/२०८१ | कार्यपालिकाको निर्णय बमोजिम विज्ञापन भएको हुने। | प्रशासन शाखा | |
| ३ | राजपत्र वेबसाइटमा अपलोड गर्ने | ६/११/२०८१ | गुर्रांस गाउँसभाबाट तर्जुमा भएका कानुनहरु सार्वजनिक भएको हुने | सीता ओली/हृदयराज शाही | |
| ४ | बजेट पुस्तिका छपाई | ६/१२/२०८१ | आ.व.२०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका छपाई भएको हुने। | जिन्सी शाखा, आ.प्र शाखा | |
| ५ | सुरक्षा निकायहरु संग छलफल | ६/१२/२०८१ | दशैं तथा तिहार लक्षित सुरक्षा व्यवस्थापन तथा सडक सुरक्षा सम्बन्धि महत्वपुर्ण निर्देशन दिइएको हुने। | अध्यक्ष ज्यू सचिवालय | |
| ६ | प्र.अ बैठक | ६/१३/२०८१ | एस.ई.ई नतिजा समिक्षा र गा.पा श्रोत तर्फका शिक्षक तथा विधालय कर्मचारीहरुको करार सम्झौता नविकरण लगाएतका विविध विषयमा निर्देशन दिई आवश्यक निर्णय लिइएको हुने। | युवा, खेलकुद तथा शिक्षा शाखा | |
| ७ | वडा स्तरिय शुभकामना आदान प्रदान कार्यक्रम | ६/१२/२०८१ देखि ६/२०/२०८१ | गुर्रांसवासीहरुमा हाल सम्म भए गरेका कामकाजको प्रचार संगै चाडपर्वको शुभकामना आदार प्रदान भएको हुने। | अध्यक्ष / उपाध्यक्ष सचिवालय | |
| ८ | वडा नं. ३ को नव निर्मित कार्यालय भवन उद्घाटन | ६/१७/२०८१ | वडा नं. ३ को नव निर्मित कार्यालय भवन बाट सेवा प्रवाह सुरुवात भएको हुने। | जिन्सी शाखा, वडा नं. ३ को कार्यालय | |
| ९ | खाता सञ्चालन | आश्विन दोश्रो हप्ता भित्र | आ.व.२०८१/८२ को खर्च लेखाङ्कन प्रकृया सुरु भएको हुने | आर्थिक प्रशासन शाखा | |
| १० | पहिलो त्रैमासिक सामाजिक सुरक्षा वितरण | आश्विन तेश्रो हप्ता भित्र | पहिलो त्रैमासिक सामाजिक सुरक्षा वितरण भई चाडपर्व अगावै बैंक खातामा जम्मा भएको हुने। | आर्थिक प्रशासन, पञ्जिकरण शाखा | |
| ११ | आई.ई.ई | आश्विन तेश्रो हप्ता भित्र | ढुंगा, गिट्टि तथा बालुवाको टेण्डर सूचनाको आधार तयार हुने। | भौतिक पुर्वाधार विकास शाखा | |
| १२ | अन्तरपालिका समन्वय बैठक | ६/२२/२०८१ | साझा सरोकारका विषयमा महत्वपुर्ण छलफल हुने। | अध्यक्ष सचिवालय | |
| १३ | लिखित परिक्षा तथा अन्तर्वार्ता | आश्विन मसान्त भित्र | कार्यपालिकाको निर्णय बमोजिम विज्ञापन भई कार्तिक १ देखि जनशक्ति उपलब्ध हुने। | | |
| १४ | समपुरक, विशेष अनुदान तर्फका योजनाहरु | आश्विन मसान्त भित्र | साइट क्लियर भई विवाद रहित सम्पुर्ण ठुला ठेक्काहरुको टेण्डर सूचना भैसक्ने। | भौतिक पुर्वाधार विकास शाखा | |
| १५ | ढुंगा, गिट्टि तथा बालुवाको टेण्डर सूचना | आश्विन मसान्त हप्ता भित्र | ढुंगा, गिट्टि तथा बालुवाको टेण्डर सूचना हुने। | भौतिक पुर्वाधार विकास शाखा | |
| १६ | आन्तरिक लेखापरिक्षण | आश्विन मसान्त हप्ता भित्र | आ.व.२०८१/८२ को पहिलो त्रैमासिक लेखापरिक्षण सम्पन्न भएको हुने। | आ.ले.प शाखा | |
| १७ | आन्तरिक लेखापरिक्षण | आश्विन मसान्त भित्र सुरु गर्ने | आ.व.२०८०/८१ को प्रारम्भिक लेखा परिक्षण सम्पन्न भएको हुने। | आ.ले.प शाखा | |
| १८ | कार्यलय परिसर सज्जावट तथा वाल निर्माण | आश्विन मसान्त हप्ता भित्र | कार्यलय परिसर सज्जावट तथा वाल निर्माण को सम्पुर्ण कार्य सम्पन्न भएको हुने। | भौतिक पुर्वाधार विकास शाखा | |
| १९ | आ.व.२०८०/८१ को लिजा मुल्यांकन | आश्विन मसान्त हप्ता भित्र | आ.व.२०८०/८१ को लिजा को प्रारम्भिक नतिजा तयार भई सुधारका आधार तय भएको हुने। | सूचना प्रविधि शाखा | |
| २० | जग्गा प्राप्ति बैठक तथा अन्य कार्य | आश्विन मसान्त हप्ता भित्र | गाउँपालिका तथा मातहतका कार्यालयका जग्गा प्राप्तिको पहिलो चरणको कार्य सम्पन्न भएको हुने। | खेमराज उपाध्याय / प्रशासन शाखा | |
| २१ | कर्मचारीहरुको व्यक्तिगत कार्य विवरण | आश्विन मसान्त हप्ता भित्र | हरेक कर्मचारीको Job Description तयार भई कार्य जिम्मेवारी तोकिएको हुने तथा प्र.प्र.अ लगाएत सम्पुर्ण कर्मचारीहरुको कार्यसम्पादन सम्झौता भई कार्य सम्पादन मुल्यांकनको आधार तयार भएको हुने। | प्रशासन शाखा। प्रमुख प्रशासकीय अधिकृत | |
| २२ | सडक सरसफाई | आश्विन मसान्त हप्ता भित्र | गाउँपालिकाका मुख्य सडकहरु दशैं अगावै सरसफाई भएको हुने। | भौतिक पुर्वाधार विकास शाखा | |

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर वि.सी.
अध्यक्ष

**बैठकका निर्णयहरु:**

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा संगल्न समिक्षा तालिका बमोजिम समिक्षा गर्दै कार्यान्वयनका चरणमा रहेका र कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। साथै, अघिल्लो बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्था विश्लेषण गरि यसै पृष्ठको अघिल्लो पृष्ठमा संलग्न राख्ने तथा कार्यालय तथा वडा तर्फका कर्मचारीको कार्यसम्पादनको रुपमा निर्णय कार्यान्वयन तालिकालाई आधार बनाउने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा भाद्र महिनाको कार्यसम्पादन कमजोर रहेकाले आश्विन महिनाको संलग्न कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा भौतिक पुर्वाधार विकास समितिबाट पेश भएको आ.व. २०८०/८१ को गुराँस दररेट स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम अन्तर्गत घरमा धारा हाम्रो अविभारा साझेदारी कार्यक्रम अन्तर्गत साझेदार संस्था हेल्भेटास नेपालले पेश गरेको लागत अनुमानका आधारमा तपशिलका योजना छनौट गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.स | योजनाको नाम | कार्यान्वयन हुने स्थान | साझेदारी रकम रु. |
|---|---|---|---|
| १. | आइतेकाफल खोल्टेपानी खनारा खानेपानी तथा सरसफाई योजना | गुराँस - ८ | ५,८५,६४८।९६ |
| २. | ओखेनी खानेपानी तथा सरसफाई (बहुउपयोगी योजना) | गुराँस - ७ | १०,०६,८७८।०८ |
| ३. | पैयाधारा छ्यारछ्यारे खानेपानी तथा सरसफाई बहुउपयोगी योजना | गुराँस - ६ | ७,७०,००९।६४ |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८०/८१ को वार्षिक समिक्षा लक्षित सार्वजनिक सुनुवाई २०८१ कात्तिक ५ गते आयोजना गर्ने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८१/८२ को लागि छनौट भई वार्षिक कार्यक्रममा समेत बजेट व्यवस्थापन भएको LISP साझेदारी कार्यक्रम कार्यान्वयनका लागि कार्यान्वयन सम्झौताका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने तथा मागदर्शन समेत माग गर्ने निर्णय गरियो। साथै, आ.व.

२०८१/८२ को वार्षिक कार्यक्रम अन्तर्गत अनुसुचि २ मा रहेका योजनाहरुको कार्यान्वयन प्रकृया समेत सुरु गर्ने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गुराँस भ्यूटावरमा ब्यापक आर्थिक हिनामिना भएको र गाउँपालिकाले प्राप्त गर्नुपर्ने राजश्व समेत प्राप्त नभएको हुँदा उक्त विषयमा सम्बन्धित निकायलाई पत्राचार गर्ने निर्णय गरियो। साथै, विश्व पर्यटन दिवश, दशैं तथा तिहारको उपलक्ष्यमा घटस्थापना देखि भाइटिका सम्म आन्तरिक पर्यटकहरुलाई निशुल्क प्रवेश दिई पर्यटन प्रवर्धन गर्ने निर्णय गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा चाडपर्व लक्षित शान्ति सुरक्षा तथा सडक सुरक्षा व्यवस्थापनका लागि प्रहरी चौकी रानीमत्तासंग समन्वय गर्ने तथा नियमित सवारी चेकजाँच कार्य प्रहरी चौकीको ३०० मि. आसपासमा गर्ने व्यवस्थाका लागि ट्राफिक प्रहरीलाई समेत पत्राचार गर्ने निर्णय गरियो। साथै, आसन्न चाडपर्वलाई मध्यनजर गरी विपद/सुरक्षा व्यवस्थापन समितिको बैठक बस्ने निर्णय गरियो।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा सामाजिक विकास मन्त्रालयबाट गुराँस गाउँपालिकाका स्थाई बासिन्दा लोपोन्मुख राउटे समुदायको हेरचाहमा खटिएका हेरालोहरुको कार्यसम्पादन निकै कमजोर भई समुदाय स्तरमा मधपान, धुम्रपान, जंकफुडको प्रयोग बढेको र टि.बि जस्ता गंभिर रोगले राउटेहरुको स्वास्थ्य अवस्था बिग्रदै गएको प्रति गुराँस गाउँकार्यपालिकाको गंभिर ध्यानआकर्षण भई जिम्मेवार भई कार्यसम्पदान गर्न पटक पटक मौखिक अनुरोध गर्दा समेत कर्मचारीहरुकोको कार्यसम्पदान सुधार नभएको हुँदा निज कर्मचारीहरुलाई निरन्तरता नदिन सामाजिक विकास मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा किशानको रहर, पहुँचमा शहरः कार्यक्रम मार्फत किसानहरुलाई प्रविधिमा जोड्ने उद्देश्यका साथ उपयुक्त सफ्टवेयर खरिदको प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका नागरिकहरुलाई पालिका मार्फत उपलब्ध हुने विभिन्न सेवालाई थप व्यवस्थित गराउन गरिब परिचयपत्र वितरण गर्न सहयोग पुग्ने गरी "गुराँस गाउँपालिका सम्पन्नता सर्वेक्षण, २०८१" गर्ने निर्णय गरियो तथा उक्त कार्यका लागि साझेदारीका लागि इच्छुक संस्थाहरुको प्रस्तावन आह्वान समेत गर्ने निर्णय गरियो।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा आसन्न चाडपर्व लक्षित गर्दै गुराँसवासीको सहज आवतजावतका लागि सम्बन्धित वडाको प्राविधिकबाट लागत अनुमान तयार गरि "हामी बनाउँछौ हाम्रो सडक

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

शीर्षकबाट" इन्धनको भुक्तानी हुने गरि पालिका स्तरिय मुख्य सडकहरु मर्मत तथा सरसफाई कार्य दशैं अगावै सम्पन्न हुने गरि पालिका मेशिन तथा आवश्यकताका आधारमा मेशिन भाडामा लिई आवश्यक कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा शैक्षिक शत्र २०८० को एस.इ.इ परिक्षाको पुरक नतिजा समेत आउने अन्तिम तयारी रहेको बुझिएकाले गुराँस गाउँपालिकाको एस.इ.इ तथा पुरक परिक्षाको नतिजा समिक्षा गर्न सम्बन्धित विधालयको प्रतिवेदन सहित १ (एक) हप्ता भित्र प्र.अ. बैठक बोलाउन सम्बन्धित शाखालाई निर्देशन दिने तथा निर्णय गरियो।

निर्णय नं. १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा भुमि आयोगको पहिलो चरणको कार्य सम्पन्न भईसकेको हुँदा दोश्रो चरणको निस्सा वितरणको कार्य सुचारु गर्ने तथा फिल्ड कार्य लगाएतका भुमि व्यवस्थापन संग सम्बन्धित कार्यको लागि कार्यलयले सम्बन्धित शीर्षकबाट खर्च व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. १५

प्रस्ताव नं. १५ माथि छलफल गर्दा भौतिक पुर्वाधार विकास समितिबाट पेस भएको गुराँस गाउँपालिकाको क्षेत्राधिकार भित्र बग्ने लोहोरे खोला, पराजुली खोला, गर्चा खोला, झुंज खोला, लालिखोला र सिस्नेरी खोलाको विभिन्न बगर क्षेत्रबाट दीगो रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् का लागि आधार स्वरुप वातावरणीय परिक्षणको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १६

प्रस्ताव नं. १६ का विविध विषयमा छलफल गर्दा तपसिलका निर्णयहरु गरियो:

क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय बमोजिम यस गाउँपालिकामा मितिः २०८१/०५/२७ देखि हाजिर हुनु भएको प्रमुख प्रशासकीय अधिकृत श्री दिल बहादुर पौडेल लाई कार्यपालिकाको तर्फबाट स्वागत गर्ने तथा २०८०/०८/१२ गते देखि २०८१/०५/२६ गते सम्म निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्दै आउनु भएको श्री दिनेश दाहाललाई सफल कार्यकालका लागि कार्यपालिकाको तर्फबाट धन्यवाद दिने निर्णय गरियो।

ख) कार्यपालिकाको विभिन्न मितिको निर्णय बमोजिम कामकाजका खटाइएका केहि कर्मचारी हाल सम्म पनि तोकिएको स्थानमा हाजिर हुन नगएको पाइएकाले अन्तिम ताकेता गर्ने र तत् पश्चात समेत हाजिर हुन नजाने कर्मचारीको तलब भत्ता रोक्का राख्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

ग) गुराँस गाउँपालिका अन्तर्गत विभिन्न विधालयमा गाउँपालिकाको श्रोतबाट सेवा सुविधा प्राप्त गर्ने र कामकाजमा खटाइएका शिक्षकहरुको म्याद थपको प्रकृया पुरा गरि समर्थन वा अनुमोदनका लागि कार्यालयमा पेश गर्न सम्बन्धित शाखा मार्फत सूचना संप्रेषण गर्ने निर्णय गरियो।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर वि.सी.
अध्यक्ष

घ) भौतिक पुर्वाधार शाखामा कर्मचारी अभाव भएका कारण यस गाउँपालिकामा ओ.जे.टी गरिरहेका कर्मचारी श्री हेमन्त वलीको ३(तीन) महिना म्याद थप गर्ने निर्णय गरियो।

ङ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभिन्न मितिको निर्णयबाट यस गाउँपालिकामा कामकाजमा खटिई आएका तपसिलका कर्मचारीहरुको पदस्थापन गुराँस गाउँपालिकामा गर्ने साथै उक्त व्यवस्थाका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश, सुर्खेतमा लेखि पठाउने निर्णय गरियो।

तपसिल:

१) ईन्जिनियर श्री यज्ञ बहादुर कार्की

२) सब- ईन्जिनियर श्री गोविन्द बहादुर शाही

३) आ.ले.प सहायक श्री पवन कुमार भण्डारी

४) अ.सब- ईन्जिनियर श्री रमेश रामजाली मगर

च) बडादशैं २०८१ को अवसरमा अन्तरपालिका भलिबल प्रतियोगिता आयोजना गर्ने तथा आयोजनाका लागि गुराँस गाउँपालिका भित्रका ईच्छुक क्लबहरुलाई प्रस्तावना आह्वान गर्ने निर्णय गरियो।

छ) बडादशैंको अवसरमा मौला पुजा खर्च बापत गुराँस गाउँपालिका भित्र रहेका सम्पुर्ण प्रहरी चौकीलाई रु. १० हजारका दरले उपलब्ध गराउने निर्णय गरियो।

ज) यस गुराँस गाउँपालिकाका २ डोजरले बडादशैंलाई मध्यनजर गरि सम्पुर्ण वडास्तरिय सडक सरसफाई तथा मर्मत कार्य गर्न समय अभाव भएकोले वडा नं. ५, ६ र ८ का लागि प्रचलित दरमा मेशिन भाडामा लिई मर्मत गर्ने निर्णय गरियो।

झ) गुराँस गाउँपालिका वडा नं. ३ स्थित पातिकान्ला कृषि क्यामपस निर्माण प्रयोजनका लागि साविक बराह गा.वि.स, वडा नं. ७, सिट नं. ०२९-०५६८ को तपसिलको जग्गाहरु जग्गाधनीहरुले उक्त क्याम्पसका नाममा निशुल्क उपलब्ध गराउने मञ्जुरीनामा गरेकाले उक्त जग्गा सकार गर्ने र जग्गा दाखिल खारेज तथा रेखांकनमा लाग्ने दस्तुर पालिकाले व्यहोर्ने निर्णय गरियो।

तपसिल:

- कि.नं. २०६, श्री कहरसिंह बुढाको नाममा रहेको क्षे.फ १११५ वर्ग मि. मध्य ५५५८ वर्ग मि,
- स्व. पति श्री बलबहादुर बुढाको नाममा रहेको हकवाल श्री रुद्रा बुढा, कि.नं. २९० को क्षेत्रफल ५५३३ वर्ग मि. मध्य १८५० वर्ग मि,
- श्री पम्फा बुढा, कि.नं. २९१ को क्षेत्रफल ११०६७ वर्ग मि. मध्य ५००० वर्ग मि

ञ) हामी बनाउछौं हाम्रो सडक अन्तर्गत वडा नं.१ र २ को मर्मत कार्यको भुक्तानी प्राविधिक मुल्यांकनका आधारमा सम्बन्धित शीर्षकबाट दिने निर्णय गरियो।

अन्त्यमा, गुराँस गाउँकार्यपालिकाको ३८औं बैठक १५ जना कार्यपालिका सदस्यज्युहरुको उपस्थितिमा माथी उल्लेखित एजेण्डाहरु उपर गहन छलफल गरि, सर्वसम्मत रुपमा निर्णयमा पुग्दै अत्यन्त सौहार्द रुपमा सम्पन्न भई, बैठकमा उपस्थित कार्यपालिका सदस्यज्युहरुलाई आवास, खाना, खाजा तथा यातायातको व्यवस्थापनको लागि कार्यालयलाई जिम्मेवारी दिंदै अध्यक्षज्युबाट समापनको जानकारी भयो।

बहादुर पौडेल
...कृत

...प बहादुर वि.सी.
अध्यक्ष